# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
## सूचना १

मुख्य सचिव श्री कर्णध्वज अधिकारी एशियाली विकास बैंकको बोर्ड अफ डाइरेक्टरको कार्यकारी निर्देशक पदमा नियुक्त भई फिलिपिन्सको मनिलातर्फ जानु भएकोले सो मुख्य सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठलाई मिति २०४६।३।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४६।३।१२ को निर्णयानुसार मुख्य सचिव श्री कर्णध्वज अधिकारीको पदावधि मिति २०४६।४।२७ मा समाप्त भई सेवाबाट अवकाश प्राप्त गरी खाली हुने श्री ५ को सरकारको मुख्य सचिव पदमा अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठलाई मिति २०४६।४।२७ देखि बढुवा नियुक्ति गरेको छ ।

## सूचना ३

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ मिति २०४६।३।१४ देखि श्री ५ को सरकारको मुख्य सचिवको पदमा कायम मुकायम मुकरर भई मिति २०४६।४।२७ देखि सोही मुख्य सचिव पदमा बढुवा हुने भएकोले सो अर्थ सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री शशिनारायण शाहलाई मिति २०४६।३।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६००